त्रिभुवन विश्वविद्यालय

# वन विज्ञान अध्ययन संस्थान

डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ब.बि.अ.सं.(भर्ना)२०७६।०७७ च.नं. २४९

मिति : २०७६।०५।१७

## स्नातक तहमा भर्ना सम्वन्धि सूचना

यस अध्ययन संस्थान अन्तर्गतआंगिक क्याम्पसहरु तथा सम्वन्धन प्राप्त कलेजमा शैक्षिक सत्र २०७६।०८० को लागि स्नातक तहमा अध्ययन गर्न इच्छुक उम्मेदवारहरुवाट **http://entrance.iof.edu.np** मा online आवेदन आव्हान गरिन्छ। भर्ना सम्वन्धि कार्यक्रम निम्नानुसार छ :

१. **आवेदन फारम भर्न पाउने मिति** : २०७६।०५।१८ देखि २०७६।०७।०८ सम्म र डव्वल दस्तुर तिरी मिति २०७६।०७।१५ सम्म।

२. **प्रवेश परीक्षा शुल्क** रु.२५००।– यस वन विज्ञान अध्ययन संस्थान (Institute of Forestry) को ने.बै.लि. पृथ्वीचोक, पोखराको चल्ती खाता नं.**१९२००१००५७९६७४००००१** मा जम्मा गर्नु पर्नेछ।

३. **न्यूनतम शैक्षिक योग्यता**
त्रि.वि. द्वारा मान्यता प्राप्त शिक्षण संस्थावाट वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा फरेष्ट्रीमा डिप्लोमा वा सो सरह वा साधारण विज्ञान विषयमा प्रमाणपत्र तह वा विज्ञान तर्फ १०+२ वा १२ कक्षा वा ए लेभल विज्ञानमा कम्तिमा १००/१०० पूर्णाङ्कको गणित र जीव विज्ञान विषय लिई प्रत्येक विषय (Theory+Practical) मा कम्तिमा C Grade का साथ कुल प्राप्ताङ्कमा कम्तीमा ४० प्रतिशत अंक वा CGPA 2 प्राप्त गरि उत्तिर्ण भएको हुनु पर्नेछ।

**भर्ना कोटा निम्नानुसार कायम गरिएको छ :**

| साधारण र साधारण समावेशी सीटहरु | आंगिक क्याम्पसहरु | |
|---|---|---|
| | पोखरा क्याम्पस | हेटौडा क्याम्पस |
| साधारण | २७ | १९ |
| महिला | २ | १ |
| आदिवासी/जनजाती | १ | १ |
| मधेसी | १ | १ |
| दलित | १ | १ |
| पिछडिएको दुर्गम क्षेत्र | १ | १ |
| मुश्लिम | १ | १ |
| थारु | १ | १ |
| स्टाफ | १ | १ |
| **जम्मा** | **३६** | **२७** |

| साधारण (क्यापिटेशन) र समावेशी (क्यापिटेशन) सीटहरु | आंगिक क्याम्पसहरु | |
|---|---|---|
| | पोखरा क्याम्पस | हेटौडा क्याम्पस |
| साधारण | ३१ | ३८ |
| महिला | २ | २ |
| आदिवासी/जनजाती | १ | २ |
| मधेसी | १ | १ |
| दलित | १ | १ |
| पिछडिएको दुर्गम क्षेत्र | १ | १ |
| मुश्लिम | १ | १ |
| थारु | १ | १ |
| विभागीय | ४ | ५ |
| स्टाफ | १ | १ |
| **जम्मा** | **४४** | **५३** |

| | | |
|---|---|---|
| साधारण, साधारणसमावेशी , साधारण (क्यापिटेशन) र समावेशी ( क्यापिटेशन) सीट समेत | पोखरा क्याम्पस ८० | हेटौडा क्याम्पस ८० |

यस त्रि.वि. वन विज्ञान अध्ययन संस्थान अन्तर्गत सम्बन्धन प्राप्त काठमाडौं फरेष्ट्रि कलेजको जम्मा **सीट संख्या ५० (पचास)** छुट्याईएको छ ।

४. **फर्म भर्दा संलग्न गर्नु पर्ने कागजातहरु**

(क) वन विज्ञान अध्ययन संस्थान (Institute of Forestry) को ने.बै.लि. पृथ्वीचोक, पोखराको चल्ती खाता नं.१९२००१००५७९६७४००००००१ मा जम्मा भएको रु.२५००।- को बैंक भौचर।

(ख) त्रि.वि. द्वारा मान्यता प्राप्त शिक्षण संस्थावाट वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा फरेष्ट्रीमा डिप्लोमा वा सो सरह वा साधारण विज्ञान विषयमा प्रमाणपत्र तह वा विज्ञान तर्फ १०+२ वा १२ कक्षा वा ए लेभल विज्ञानमा कम्तिमा १००/१०० पूर्णाङ्कको गणित र जीव विज्ञान विषय लिई प्रत्येक विषय (Theory+Practical) मा C Grade साथ कुल प्राप्ताङ्कमा कम्तीमा ४० प्रतिशत अंक वा CGPA 2 प्राप्त गरि उत्तिर्ण भएको ट्रान्सक्रिप्ट र SEE वा सो सरहको मार्कसिटको स्क्यान कपि ।

(ग) सम्बन्धित आवेदकको फोटो र हस्ताक्षरको स्क्यान कपि ।

**प्रवेश परीक्षा उत्तिर्ण भएपछि जनरल सीट, समावेशी जनरल सीट, जनरल क्यापिटेशन सिट र समावेशी क्यापिटेशन सीटमा अध्ययन गर्न चाहने उम्मेदवारहरुले अध्ययन गर्न चाहेको क्याम्पस सहित तोकिएको निवेदन भरी Online पेश गर्नु पर्नेछ ।**

(क) जनरल सीटको लागि - Online निवेदनमा अध्ययन गर्न चाहेको क्याम्पस उल्लेख गरी पेश गर्नु पर्नेछ ।

(ख) जनरल समावेशी सिटको लागि - Online निवेदनमा अध्ययन गर्न चाहेको क्याम्पस र समावेशी सीट उल्लेख गर्नुका साथै प्रत्येक समावेशी सीटको लागि रु.१००।- को बैंक भौचर र तोकिएको कागजात पेश गर्नु पर्नेछ ।

(ग) जनरल क्यापिटेशन सीटको लागि - Online निवेदनमा अध्ययन गर्न चाहेको क्याम्पस उल्लेख गरी यस अ.सं.को खातामा रु.३००।- जम्मा गरेको बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

(ख) क्यापिटेशन समावेशी सिटको लागि - Online निवेदनमा अध्ययन गर्न चाहेको क्याम्पस र समावेशी सीट उल्लेख गर्नुका साथै यस अ.सं.को खातामा कम्तिमा रु.३००।- जम्मा गरेको बैंक भौचर संलग्न गर्नु पर्नेछ तर समावेशी ३ वटा सिट भन्दा बढीमा निवेदन दिनेहरुले प्रत्येक समावेशी सिटको रु.१००।- का दरले दस्तुर बैंकमा जम्मा गरी भौचर संलग्न गर्नु पर्नेछ ।

४.१ प्रवेश परीक्षा उत्तिर्ण पश्चात् निम्नानुसार समावेसी सिटको लागि अनुसूचित समूहको उम्मेदवार रहेको भनी निम्नानुसारको कार्यालयले प्रमाणित गरेको पत्र र सम्बन्धित जिल्ला शिक्षा समन्वय समितिले सामुदायिक सरकारी विद्यालयबाट उत्तिर्ण गरेको भनी प्रमाणित गरेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ । सामुदायिक सरकारी विद्यालयबाट उत्तिर्ण गरेको आवेदक प्रवेश परीक्षामा उत्तिर्ण भएको उपलव्ध नभएमा मात्र अन्य विद्यालयबाट उत्तिर्ण गरेकोलाई पनि समावेश गर्न सकिनेछ ।

(१) आदिवासी : सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।
(२) मधेशी : सम्बन्धित जिल्ला प्रशासन कार्यालय ।
(३) दलित : सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय दलित आयोग ।
(४) पिछडिएको दुर्गम क्षेत्र : सम्बन्धित गाउँपालिका वा नगरपालिका ।
(५) मुश्लिम : सम्बन्धित जिल्ला प्रशासन कार्यालय ।
(६) थारु : सम्बन्धित जिल्ला प्रशासन कार्यालय ।

५. **क्यापिटेशन सिट**

क्यापिटेशन सीटका लागि छुट्टै आवेदन फारम भर्नु पर्ने छैन । प्रवेश परीक्षाको योग्यताक्रमको सूची प्रकाशित भएपछि साधारण क्यापिटेशन सीट र समावेशी क्यापिटेशन सीटमा भर्नाको लागि Online आवेदन माग गर्नेछ र Online निवेदन परेका उम्मेदवारहरु मध्ये योग्यताक्रम अनुसार उक्त सीटहरुमा

भर्ना लिइने छ । साधारण क्यापिटेशन सिट र समावेशी क्यापिटेशनमा भर्नाका लागि छनौट भएका प्रत्येक उम्मेदवारले क्यापिटेशन वापत रु ३,००,०००।- (तीनलाख) मध्ये भर्ना हुँदा ५०% रकम (रु.१,५०,०००।-)वन विज्ञान अध्ययन संस्थान (Institute of Forestry) को ने.बै.लि. पृथ्वीचोक, पोखराको चल्ती खाता नं.१९२००१००५७९६७४००००१ म जम्मा गर्नु पर्नेछ र पहिलो बर्ष दोस्रो सेमेष्टर र दोस्रो वर्ष प्रथम सेमेष्टरमा भर्ना हुने समयमा तोकिएको भर्ना शुल्कका साथै क्यापिटेशन शुल्क क्रमश: २५% (रु.७५,०००।-) का दरले सम्वन्धित क्याम्पसमा जम्मा गर्नु पर्नेछ ।

६. **विभागीय सिट**

स्नातक तहको प्रवेश परीक्षामा सफल भएका उम्मेदवारहरुलाई नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले पोखरा तथा हेटौडा क्याम्पसको लागि क्रमश: ४ र ५ (जम्मा ९) जना सफल उम्मेदवारहरुलाई मनोनयन गरी पठाउनुपर्नेछ । क्याम्पस नतोकिएको अवस्थामा मनोनयन पत्रका साथ क्याम्पसको लागि निवेदन पेश गर्नु पर्नेछ । नाम प्रकाशित भएपछि भर्ना हुन आउँदा विभागको सक्कलै मनोनयन पत्र पेश गर्नुपर्नेछ । मनोनयन भएका उम्मेदवारहरुलाई डीन कार्यालयको प्रवेश परीक्षाको योग्यताक्रमको सूची अनुसार भर्ना लिइनेछ । विभागीय सिट खाली रहेमा साधारण क्यापिटेशन सिटमा परिवर्तन गरिनेछ । विभागीय सिटमा भर्नाका लागि छनौट भएका प्रत्येक उम्मेदवारले साधारण क्यापिटेशन सिट सरह रु.३,००,०००।- (तीन लाख) जम्मा गर्नु पर्नेछ ।

७. **स्टाफ सिट**

पोखरा क्याम्पस तथा हेटौडा क्याम्पसको हकमा कार्यरत क्याम्पसका शिक्षक, कर्मचारी तथा निजका छोराछोरीलाई सम्बन्धित क्याम्पसमा नै प्राथमिकता दिइनेछ तर डीन कार्यालयको हकमा सम्बन्धित उम्मेदवारले प्राथमिकता तोकेको क्याम्पसमा प्राथमिकता दिइनेछ । सो बापत उक्त सिट पुरा नभएमा एउटा क्याम्पसको स्टाफ सीटबाट अर्को क्याम्पसका रिक्त सिट पुरा गरिनेछ । यस सिटमा वन विज्ञान अध्ययन संस्थानमा कार्यरत ५ वर्ष सेवा गरेका भएका स्थायी शिक्षक तथा कर्मचारीलाई प्राथमिकता दिइने छ । ५ वर्ष सेवा गरेका स्थायी शिक्षक तथा कर्मचारीबाट सो सिट पुरा नभएमा सो भन्दा कम क्रमश ४,३,२,१ वर्षकोसेवा अवधिलाई प्राथमिकताको आधार बनाइनेछ । उक्त सिटका लागि आवेदन दिंदा आफू वा आफ्ना आमा वा बुवा यस अध्ययन संस्थानमा कार्यरत रहेको अवधि समेत खोली प्रमाण पेश गर्नु पर्नेछ । कर्मचारीको हकमा सम्बन्धित निकायबाट प्राप्त पूर्व स्वीकृती पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यस सिटको लागि पनि द्रष्टव्य १ मा उल्लेख भए बमोजिम सामुदायिक स्कूलमा अध्ययन गरेकार निज वा निजको कुनै छोराछोरीले यस अध्ययन संस्थानमा कुनै पनि तहमा स्टाफ सिटमा भर्ना गर्न मौका नपाएका उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

८. **समावेसी सिट**

यस कोटामा सामुदायिक सरकारी विद्यालयबाट SEE वा सो सरह र +२ वा १२ कक्षा उत्तिर्ण गरेकालाई पहिलो प्राथमिकता दिइनेछ । यस सिटको योग्यताक्रम द्रष्टव्य १ मा उल्लेख भए अनुसार निर्धारण गरिनेछ । सो बाट उक्त सिट पुरा नभएमा साधारण तर्फ गाभिने छ ।

९. **पिछडिएको क्षेत्र**

यस सिट अर्न्तगत त्रि.वि.वि.ले. तोकेको पिछडिएको दुर्गम क्षेत्र(अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला) का उम्मेदवारले प्राथमिकताको आधार र प्रवेश परीक्षाको योग्यताक्रमानुसार भर्नाको अवसर पाउनेछन् । यस सिट अन्तर्गत प्रतिस्पर्धा गर्ने उम्मेदवारहरुले नागरिकता प्राप्त गरेको जिल्लाको तोके अनुसारको दुर्गम स्थानबाट सामुदायिक/सरकारी स्कूलबाट नैSEEवा सो सरह र +२ वा १२ कक्षापास गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ । यदि SEE वा सो सरह दुर्गम स्थानबाट र +२ वा १२ कक्षा सुगम स्थानमा उत्तिर्ण भएकालाई दोश्रो प्राथमिकता तथा +२ वा १२ कक्षा दुर्गम स्थानबाट र SEE वा सो सरह सुगम स्थानबाट उत्तिर्ण भएकालाई तेश्रो प्राथमिकता दिईनेछ । साथै पिछडिएको क्षेत्रको समावेशी सिटको हकमा समेत सोही अनुसार हुनेछ ।

१०. **भर्नाको समयमा थप बुझाउनु पर्ने कागजातहरु**

(क) अन्य शैक्षिक योग्यताको लव्धाङ्कपत्र (एस.एल.सी./SEE देखि) तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपिहरु ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) विदेश तथा अन्य विश्वविद्यालयबाट परीक्षा उत्तिर्ण गरेको भए माइग्रेशन सर्टिफिकेट र त्रि.वि. को समकक्षताको प्रमाणपत्र ।

(घ) कोटामा भर्ना हुन चाहनेले सम्बन्धित कोटाको लागि आवश्यक प्रमाणपत्र वा सिफारिश पत्र ।

(ङ) सम्पूर्ण सक्कल प्रमाणपत्रहरु र पासपोर्ट साईजको फोटो २ कपि साथ लिई सफल उम्मेदवारर आफै उपस्थित हुनु पर्नेछ ।

११. **प्रवेश परीक्षा कार्यक्रम**

(क) परीक्षा हुने केन्द्र : **पोखरा ।**

(ख) परीक्षा मितिः **२०७६ साल कार्तिक२३ गते शनिवार ।**

(ग) परीक्षा हुने समय र विषयहरु

| समय | विषय | प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|
| **विहान ११:०० बजे देखि दिउसो १.०० वजे सम्म** | (क) अंग्रेजी | २० | २० |
| | (ख) गणित | २० | २० |
| | (ग) फरेष्ट्री | २० | २० |
| | (घ) विज्ञान (केमेष्ट्री, फिजिक्स, बोटनी र जुलोजी) | ४० | ४० |
| | **कूल** | **१००** | **१००** |

(ङ) सबै प्रश्नहरु वस्तुगत (Objective) हुनेछन् ।

(च) प्रवेश-पत्र सम्बन्धित आवेदकले आफै रंगिन प्रिन्ट गरी ल्याउनु पर्नेछ । प्रवेश-पत्र मिति **२०७६।७।१७** पछि प्रिन्ट गर्न सकिनेछ । प्रवेश-पत्र नभएकालाई परीक्षा हलमा प्रवेश गराईने छैन ।

१२. **भर्नाको सूची प्रकाशन**

(क) योग्यताक्रम सूची प्रकाशनः **२०७६ साल कार्तिक२४ गते ।**

(ख) क्याम्पस छनौट, साधारण सिट, समावेशी सिट तथा क्यापिटेशन सिट तथा क्यापिटेशन समावेश सिटको लागि दरखास्त दिने समय : **२०७६ साल कार्तिक २४ देखि मंसिर १ गतेसम्म ।**

(ग) प्रथम सूचि प्रकाशन : **२०७६ साल मंसीर ५ गते ।**

(घ) प्रथम सूचिको भर्ना हुने अन्तिम म्याद : **२०७६ साल मंसिर२०गते सम्म ।**

(घ) स्थान रिक्त भएमा दोश्रो सूची प्रकाशन :**२०७६ साल मंसिर२१गते ।**

(ङ) योग्यताक्रम सूची प्रकाशन भएको दिनवाटै क्यापिटेशन सिटमा भर्नाको लागि Online बाट तोकिएको निवेदन भरी क्यापिटेशन निवेदन दस्तुर यस अध्ययन संस्थानको उल्लेखित खातामा जम्मा गरी सो को बैंक भौचर संलग्न राखी **मिति २०७६।८।१ भित्र** निवेदन दिन सकिनेछ ।

(च) दोस्रो सूचिको भर्ना हुने अन्तिम मिति : **२०७६।०८।२४ सम्म** हुनेछ । त्यस पश्चात् पनि सीट बाँकी रहन गएमा योग्यताक्रमको आधारमा मिति **२०७६।८।२५** गते नाम प्रकाशित गरी भर्ना गरिनेछ ।

(छ) विभागीय सिटमा भर्नाका लागि **मिति २०७६।०८।०१ भित्र** वन तथा बातावरण मन्त्रालयको मनोनयन पत्र पेश गरि सक्नुपर्नेछ ।

(ज) विभागीय सिटमा भर्नाका लागि वन तथा वातावरण मन्त्रालयको मनोनयन पत्र तथा पुरै शैक्षिक सत्र अवधिको विदा स्वीकृतिको सक्कलै कागजात पेश गर्नु पर्नेछ ।

१३. **जानकारी सम्बन्धमा**

(क) प्रत्येक विद्यार्थीहरुले आ–आफ्नो नाम, थर, वतन, जन्म मिति र कार्यरत भए अफिसको नाम र ठेगाना प्रष्ट लेख्नु पर्ने छ ।

(ख) वन विज्ञान अध्ययन संस्थानको कुनै पनि कार्यक्रममा भर्ना पश्चात् सरकारी वा गैर सरकारी कार्यालयहरुमा कुनै प्रकार र अवस्थामा कार्यरत हुन गएमा संलग्न भएको १५ दिन भित्र लिखित जानकारी सम्बन्धित क्याम्पसलाई अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(ग) उपरोक्त बुँदा (क) र (ख) मा फरक पर्न गए वा सम्बन्धित क्याम्पसलाई जानकारी नगराएको कारणबाट उत्पन्न हुने सम्पूर्ण प्रशासनिक एवं कानुनी व्यवधान विद्यार्थी स्वयंले व्यहोर्नु पर्ने छ ।

(घ) भर्ना भएका विद्यार्थीहरु कक्षा संचालन सम्वन्धि सूचना गरिएको मितिवाट १५ दिन सम्म लगातार अनुपस्थित रहेमा निजको भर्ना रद्ध गरी योग्यताक्रम अनुसारको विद्यार्थीलाई भर्ना गरिनेछ ।

१४. **कक्षा संचालन**

यस शैक्षिक सत्र (२०७६/०८०) अन्तर्गत भर्ना भएका विद्यार्थीका लागि २०७६ मंसिरको चौथो हप्ता देखि सम्बन्धित क्याम्पसले कक्षा संचालन गर्नेछ।

**द्रष्टव्य:**

१. भर्नाको लागि योग्यताक्रम निर्धारण गर्दा प्रवेश परीक्षाको कुल प्राप्ताङ्कको आधारमा गरीने छ। प्रवेश परीक्षा उत्तीर्ण हुनका लागि न्यूनतम् ४०% अंक प्राप्त गर्नु पर्नेछ। सबै सिटको योग्यताक्रम प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा निर्धारण गरिनेछ। एक वा एक भन्दा बढी आवेदकको प्राप्ताङ्क बराबर आएमा +२ वा सो सरहको परीक्षाको प्रतिशतको आधारमा, सो जोड्दा पनि वरावर भएमा SEE वा सो सरहको परीक्षाको आधारमा योग्यताक्रम तयार गरिनेछ तर समावेशी सिटको हकमा योग्यताक्रम तोक्दा SEE वा सो सरह र +२ वा सो सरहको परीक्षा सामुदायिक सरकारी विद्यालयबाट उत्तिर्ण भएकालाई पहिलो प्राथमिकता, दुबै तहको सामुदायिक स्कूल नभएमा +२ वा सो सरह सामुदायिक र SEE वा सो सरह वोर्डिङ्ग स्कूलबाट उत्तिर्ण भएकालाई दोश्रो प्राथमिकता, SEE वा सो सरह सामुदायिक र +२ वोर्डिङ्ग स्कूलबाट उत्तिर्ण भएकालाई तेश्रो प्राथमिकता र सो पनि उपलव्ध हुन नसकेमा दुबै बोर्डिङ्ग स्कूलबाट उत्तिर्ण भएकालाई चौथो प्राथमिकता दिई योग्यताक्रम तयार गरिनेछ।

२. यस अध्ययन संस्थानको भर्ना कार्यक्रम पश्चात् उत्तिर्ण भएका योग्यताक्रमवाट इच्छुक उम्मेदवारहरुले काठमाण्डौ फरेष्ट्री कलेजको नियमानुसार भर्ना हुन पाउने छन्।

३. छात्रावास क्षमता सिमित भएकोले विद्यार्थीलाई छात्रावास उपलव्ध गराउन यस अध्ययन संस्थान/क्याम्पस प्रशासन बाध्य हुने छैन।

४. योग्यताक्रमको सूची प्रकाशित भएपछि पुन: क्याम्पस छनौट, समावेशी सिट र क्यापिटेशन सिटको लागि अनलाईन फर्म भर्नु पर्नेछ। साधारण समावेशी सीटमा निवेदन दिनेहरुले प्रत्येक आवेदित सीटका लागि रु.१००।- का दरले हुन आउने जम्मा दस्तुर बुझाउनु पर्नेछ। साधारण क्यापिटेशन सीटको लागि रु.३००।- को बैंक भौचर संलग्न गर्नु पर्नेछ। क्यापिटेशन समावेशी सिटको लागि यस अ.सं.को खातामा कम्तिमा रु.३००।- जम्मा गरेको बैंक भौचर संलग्न गर्नु पर्नेछ तर समावेशी सिट ३ वटाभन्दा बढीमा निवेदन दिनेहरुले प्रत्येक समावेशी सिटको रु.१००।- का दरले दस्तुर बैंकमा जम्मा गरी भौचर संलग्न गर्नु पर्नेछ। साधारण सिटको लागि कुनै दस्तुर बुझाउनु पर्ने छैन। पोखरा र हेटौडा क्याम्पस मध्ये आफुले पढ्न चाहेको क्याम्पसको प्रथम प्राथमिकताका लागि '१' र दोश्रो प्राथमिकताका लागि '२' अनिवार्य तोक्नु पर्नेछ। प्रवेश परीक्षाको योग्यताक्रमानुसार रउम्मेदवारले तोकेको क्याम्पस प्राथमिकताको आधारमा भर्नाको लागि छनौट गरिनेछ।

५. साधारण कोटामा नाम निस्की सकेपछि अन्य समूहमा नाम निस्कने छैन तर भर्ना भइरहेको समयमा साधारण कोटा तथा अन्य कोटा खाली हुन गएमा योग्यताक्रमानुसार क्यापिटेशनमा भर्ना भएका व्यक्तिहरु साधारण सिटमा परिवर्तन हुन सक्नेछ। भर्ना वन्द भएपछि कुनै पनि कोटाहरुको सिट खाली हुन गएमा पनि क्यापिटेशनमा भर्ना भएकाहरु साधारण सिटमा परिवर्तन हुने छैनन्।

६. सम्वन्धित कोटाको उम्मेदवार नभएर सीट खाली हुन आएमा उक्त सीट साधारण समावेशी भए साधारण सीटमा र क्यापिटेशन समावेशी सीट भए क्यापिटेशन सीटमा गाभी भर्नाको लागि सूची प्रकाशित गरिनेछ।

७. फारममा भरेको विवरण झुट्ठा प्रमाणित भएमा कुनै पनि समयमा फारम अस्वीकृत गर्नुका साथै भर्ना भैसकेको अवस्थामा पनि भर्ना रद्द गरिनेछ तर भर्ना रकम फिर्ता गरिनेछैन।

८. भर्ना भई सकेका व्यक्ति अध्ययन छोडी जान चाहेमा धरौटी रकम बाहेक अन्य रकम फिर्ता हुने छैन ।

९. फारममा सम्बन्धित आवेदकले हस्ताक्षर गर्नु अनिवार्य छ । यस अ.सं.मा कुनै पनि निवेदन दिंदा फारम भर्दा प्रयोग गरेको हस्ताक्षर नै प्रयोग गर्नुपर्नेछ । निजको कुनै पनि निवेदनमा हस्ताक्षर फरक हुन गई कारवाही नभएमा यस अ.सं. जवाफदेही हुने छैन ।

१०. यस सम्बन्धी अन्य जानकारी यस कार्यालयको website:www.iof.edu.np बाट प्राप्त गर्न सकिनेछ ।

प्रा.डा. कृष्णराज तिवारी
डीन

**वोधार्थ तथा कार्यार्थ**

१. श्री पोखरा क्याम्पस, व.वि.अ.सं, पोखरा ।
२. श्री हेटौडा क्याम्पस, व.वि.अ.सं, हेटौडा ।
३. श्री काठमाडौं फरेष्ट्री कलेज, कोटेश्वर, काठमाण्डौं ।
४.श्री डीनको सम्पर्क कार्यालय, व.वि.अ.सं, पोखरा ।
५. श्री नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ :- सम्वन्धित विभाग तथा निकायहरुमा विभागीय सिटका लागि प्रवेश परीक्षाको परीक्षाफल प्रकाशित भएपछि भर्नाको लागि निवेदन दिने समयभित्र नै क्याम्पस तोकी पठाईदिन हुन अनुरोध छ ।

**वोधार्थ:**

१. श्री त्रि.वि. केन्द्रीय कार्यालय, कीर्तिपुर ।
२. श्री नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौ ।
३. श्री वन विभाग, ववरमहल, काठमाण्डौ ।
४ श्री राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग, ववरमहल, काठमाण्डौ ।
५. श्री वन अनुसन्धान तथा तालिम विभाग, ववरमहल, काठमाण्डौ ।
६. श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
७. श्री सूचना तथा जन सम्पर्क शाखा, त्रि.वि.वि., कीर्तिपुर, काठमाडौं ।